# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालद्वारा ग्लोबल आइएमई बैंक लिमिटेड, दमौली शाखा उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले मिति २०७३ वैशाख १९ गते ग्लोबल आइएमई बैंक लिमिटेडको दमौली शाखाको उद्घाटन गर्नु भयो ।



उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले बैंकको शाखा विस्तार हुनु लगानी र बचतको अवसर हो भन्नु हुँदै उहाँले सर्वसाधारणलाई सोको उपयोग गर्न आग्रह गर्नु भयो ।

पूँजी अभावका कारण आफ्नो व्यवसाय विस्तार गर्न नसकेका व्यवसायी तथा जनताहरूलाई बैंक शाखा विस्तारले त्यस्ता व्यक्तिहरूलाई अवसर प्रदान गरी स्थानीय क्षेत्रमा रोजगारी सृजना हुने र बैदेशिक रोजगारीको निर्भरतामा कमी आउने कुरा बताउनु भयो ।

गत साल गएको भूकम्प र मुलुकको दक्षिणी सीमानामा उत्पन्न असहज परिस्थितिका कारण अर्थतन्त्रमा परेको प्रभावलाई मनन् गरी त्यसमा वित्तीय संस्थाहरूले उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्नु पर्ने, आयातित वस्तुलाई स्वदेशी उत्पादनले विस्तापित गर्नेतर्फ हामी सबै लाग्नु पर्ने कुरा बताउनु भयो । आयातित वस्तुको प्रयोगमा भन्दा स्वदेशमा नै उत्पादित वस्तुहरू प्रयोग गरी आत्मनिर्भर बन्नेतर्फ लाग्नु पर्ने कुरा गभर्नर डा. नेपाल बताउनु भयो ।

पछिल्लो समय अर्थतन्त्रमा केही सुधारका संकेत देखिएको भन्नु हुँदै गभर्नर डा. नेपालले अब आर्थिक विकासका लागि स्थानीय स्तरमा पर्यटन उद्योगको विकास गर्नु पर्ने र कृषि प्रधान देश भएकाले कृषिमा आश्रित जनताको मनोवल बढाउन बैंक तथा वित्तीय संस्थाले कृषिमा लगानी अभिवृद्धि गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

कार्यक्रममा स्थानीय उद्योग वाणिज्य महासँघका प्रतिनिधि, विभिन्न राजनैतिक दलका नेताहरू, सुरक्षा निकायका प्रमुख, पत्रकारहरू, स्थानीय प्रवुद्ध व्यक्तिहरू तथा स्थानीय व्यवसायीहरूको उपस्थिति रहेको थियो ।

**२०७३ वैशाख १९, आइतबार**

**गभर्नरको कार्यालय**